**आकाशवाणी समाचार- नेपाली**

**मितिः २१ अप्रेल २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु आज उडिसा भ्रमण गर्नुहुनेछ।

२. उपराष्ट्रपति सी पी राधाकृष्णनले आज नयाँ दिल्लीमा 18 औं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्नुहुनेछ।

३. पश्चिम बङ्गालमा पहिलो चरण अनि तामिलनाडुको एकै चरणमा हुने चुनावको प्रचार अन्तिम चरणमा पुगेको छ। विभिन्न दलका स्टार प्रचारकले आफ्ना उम्मेदवारको समर्थनमा मतदातालाई आफ्नो पक्षमा तान्ने प्रयास गरिरहेका छन् ।

४. रक्षामन्त्री राजनाथ सिंहले आजदेखि जर्मनीको तीन दिने भ्रमण गर्नुहुनेछ ।

५. आई.पी.एल. क्रिकेटमा मुम्बई इण्डियन्सले गुजरात टाइटन्सलाई ९९ रनले पराजित गरेको छ।

**राष्ट्रपति- ओडिशा दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आज उडिसा भ्रमण गर्नुहुनेछ। एक दिने भ्रमणका क्रममा राष्ट्रपतिले राउरकेलामा एक सार्वजनिक समारोहमा तारामण्डल तथा विज्ञान केन्द्र तथा निर्मल मुण्डा परिवेश पथको उद्घाटन गर्नुहुनेछ। उहाँले मुर्मु राउरकेलामा एक जनजातीय संग्रहालय र एकीकृत कमाण्ड र नियन्त्रण केन्द्रको पनि उद्घाटन गर्नुहुनेछ।

राष्ट्रपति-कोरिया-राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्युङलाई स्वागत गर्दै र उहाँको सम्मानमा भोजको आयोजना गर्नुभयो। सो अवसरमा राष्ट्रपति मुर्मुले भन्नुभयो, "त्यस अवसरमा दुवै पक्षले व्यापार, पूर्वाधार, डिजिटल सहयोग, लघु एवं मध्यम उद्योग, शिक्षा, अनुसन्धान, संस्कृति र जनस्तरको सम्बन्ध लगायत धेरै क्षेत्रमा द्विपक्षीय सहयोगका लागि मार्गचित्र तय गरेका छन्।

**उपराष्ट्रपति-सिविल सेवक दिवस**

उपराष्ट्रपति सी पी राधाकृष्णनले आज नयाँ दिल्लीमा 18 औं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्नुहुनेछ। कार्मिक, लोक शिकायत तथा पेन्सन मन्त्रालयअन्तर्गतको प्रशासनिक सुधार तथा सार्वजनिक लोक शिकायत विभागले कार्यक्रम आयोजना गरेको हो । यस वर्षको कार्यक्रमको विषय "विकसित भारत: नागरिक केन्द्रित शासन र अन्तिम माइलमा विकास" हो। यस अवसरमा कार्मिक, लोक शिकायत र पेन्सन राज्य मन्त्री डा. जितेन्द्र सिंह, सूक्ष्म, साना तथा मध्यम उद्यम मन्त्री जितनराम मांझी, स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा र कृषि एवम् किसान कल्याण मन्त्री शिवराज चौहानले पनि सभालाई सम्बोधन गर्नुहुनेछ।

**मुख्य निर्वाचन आयुक्त - चुनाव**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालमा स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगले सबै प्रयास गर्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले निर्वाचन प्रक्रिया पूर्णरुपमा भयरहित, हिंसामुक्त र दबाबमुक्त हुने बताउनुभयो । राज्य सरकार, स्थानीय निकाय वा स्वायत्त निकायका कुनै पनि कर्मचारीले निर्वाचन प्रक्रियालाई प्रभाव पार्न नपाइने पनि विधेयकमा उल्लेख छ । राज्यमा पहिलो चरणको मतदान २३ अप्रिलमा तथा दोस्रो चरणको मतदान २९ अप्रिलमा हुनेछ भने मतगणना मे ४ मा हुनेछ ।

## पश्चिम बंगाल चुनाव प्रचार

पश्चिम बङ्गालमा विधानसभा चुनावको पहिलो चरणको लागि प्रचार अभियान अन्तिम चरणमा पुगेको छ। विभिन्न दलका स्टार प्रचारकले आफ्ना उम्मेदवारको समर्थनमा मतदातालाई आफ्नो पक्षमा तान्ने प्रयास गरिरहेका छन् । यसैबीच भारतीय जनता पार्टीका नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बङ्गालको सिलिगुडी, पश्चिम बर्धमान, पश्चिम मेदिनीपुर र पूर्वी मेदिनीपुर जिल्लामा पार्टी उम्मेदवारहरूको समर्थनमा जनसभाहरूलाई सम्बोधन गर्नुहुनेछ। तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले पूर्वी मेदिनीपुरको हल्दिया, उत्तर २४ परगना जिल्लाको ब्याराकपुर र जगतदल र कोलकाताको जोरासांकोमा पार्टी उम्मेदवारहरूको समर्थनमा जनसभालाई सम्बोधन गर्नुहुनेछ । यस्तै  अन्य दलका नेताहरु पनि सार्वजनिक भेलामा सहभागी हुने बताइएको छ ।

## विदेश मंत्रालय-कोरिया

प्रधानमन्त्री नरेन्द्र मोदी र दक्षिण कोरियाका राष्ट्रपति ली जाय म्युङबीच भएको वार्तामा भारत र दक्षिण कोरियाले आर्थिक सहयोग बढाउने विषयमा जोड दिएका छन् । नयाँ दिल्लीमा द्विपक्षीय वार्तापछि संवाददाताहरूलाई जानकारी दिँदै विदेश मन्त्रालयका पूर्वी क्षेत्रका सचिव पी कुमारनले भन्नुभयो, दुई नेताहरूले भारत-कोरिया विशेष रणनीतिक साझेदारीमा भएको समग्र प्रगतिको समीक्षा गर्नुभयो।

## राजनाथ सिंह- जर्मनी दौरा

रक्षामन्त्री राजनाथ सिंहले आजदेखि जर्मनीको तीन दिने भ्रमण गर्नुहुनेछ । यस भ्रमणको उद्देश्य भारत र जर्मनीको बिचको सामरिक रक्षा साझेदारीलाई अझ बलियो बनाउनु हो। रक्षा मन्त्रालयका अनुसार दुई देशबीच चलिरहेको रक्षा सहयोग परियोजनाहरूको समीक्षा गरिनेछ र सहयोगका नयाँ क्षेत्रहरू पहिचान गरिनेछ। भ्रमणका क्रममा सिंहले जर्मनीका रक्षा मन्त्री बोरिस पिस्टोरियससँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। वार्तामा रक्षा उद्योगको सहयोग बढाउने, सेना-सैन्य सम्बन्धलाई सुदृढ गर्ने र साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता र ड्रोन जस्ता उदीयमान क्षेत्रहरूमा सहयोगमा केन्द्रित हुनेछ। दुई देशहरूले रक्षा औद्योगिक सहयोग रणनीति र संयुक्त राष्ट्र शान्ति अभियानका लागि प्रशिक्षणमा पनि महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ। रक्षा मन्त्रीले 'मेक इन इन्डिया' पहल अन्तर्गत संयुक्त विकास र सह-उत्पादनलाई बढावा दिन जर्मन रक्षा उद्योगका प्रमुख प्रतिनिधिहरूसँग पनि भेट गर्नुहुनेछ।

## भारतीय प्रतिनिधिमंडल

भारतका एक व्यापारिक प्रतिनिधिमण्डलले यसै साता वासिङ्टन भ्रमण गर्दैछ । भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरेले सोशल मीडिया पोस्टमार्फत यो जानकारी दिनुभयो । उहाँले यो भ्रमणलाई द्विपक्षीय व्यापार सम्झौतालाई अन्तिम रूप दिने दिशामा एक महत्वपूर्ण पाइलाको रूपमा वर्णन गर्नुभयो। यसैबीच, वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले सरकारले अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरणको काम लगभग टुङ्गो लगाइसकेको बताउनु भयो। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै श्री गोयलले भन्नुभयो, सरकार एउटा प्रक्रियामा काम गरिरहेको छ, जसअन्तर्गत अमेरिकी बजारमा भारतलाई उसका प्रतिस्पर्धीहरूको तुलनामा बढी पहुँच प्राप्त हुनेछ।

## रेलवे-समर स्पेशल ट्रेन

रेलवेले आगामी तीन महिनामा देशभर १८ हजार २६२ वटा ग्रीष्मकालीन विशेष रेलहरू सञ्चालन गर्नेछ। यातरीहरुको बढ्दो मागलाई पूरा गर्न, सहज र सुविधाजनक यात्रा सुनिश्चित गर्न यो निर्णय लिइएको हो । यस वर्ष १५ अप्रिलदेखि १५ जुलाई  सम्म कुल ९०८ ग्रीष्मकालीन विशेष रेलहरू चलाउन स्वीकृत गरिएको छ।

## जापान भूकंप

जापानमा हिजो ७.७ म्याग्निच्युडको भूकम्प गएको छ । स्थानीय समयानुसार अपराह्न ४ बजेर ५३ मिनेटमा गएको भूकम्पको केन्द्रविन्दु प्रशान्त महासागरको सतहबाट २० किलोमिटर गहिराईमा रहेको जनाइएको छ । जापानको मौसम विज्ञान विभागले भूकम्पपछि देशका तटीय क्षेत्रमा सुनामीको चेतावनी जारी गरेको छ । यो चेतावनी दोस्रो उच्च स्तर चेतावनी हो। तटीय क्षेत्रमा एक मिटरसम्म अग्लो छालहरू आउने अनुमान गरिएको छ। अहिलेसम्म मानवीय क्षति भने भएको छैन ।

**ट्रंप-ईरान-अमरीका वार्ता**

इरान र अमेरिकाबीच जारी दोस्रो चरणको वार्तालाई लिएर अझै पनि अन्योल कायमै छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सम्झौताका लागि इरानलाई पहिलेभन्दा राम्रो प्रस्ताव दिइरहेको बताउनु भयो। सोशल मीडिया अकाउन्ट 'ट्रुथ सोशल' मा उहाले इरानसँग प्रस्तावित नयाँ सम्झौता २०१५ मा भएको परमाणु सम्झौताभन्दा धेरै राम्रो हुने पनि बताउनुभयो । उपराष्ट्रपति जेडी भान्स, उनका ज्वाइँ जारेड कुश्नर र विशेष प्रतिनिधि स्टिभ विटकोफ दोस्रो चरणको वार्ताका लागि इस्लामावाद जाँदैछन्। यसैबीच, इरानले वार्तामा सहभागी हुने पुष्टि गरेको छैन । इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाईले अर्को चरणको वार्ताबारे कुनै निर्णय भइनसकेको बताएका छन्। यसैबीच, होर्मुज जलडमरूमध्यलाई लिएर दुई देशबीच तनाव जारी छ । अमेरिकाले इरानी बन्दरगाहमा नाकाबन्दी लगाएको छ भने इरानले करिब दुई साताअघि भएको युद्धविरामका क्रममा उक्त जलसन्धि खुला राख्ने आफ्नो प्रतिबद्धताबाट पछि हटेको छ।

**मौसम**

मौसम विभागले चण्डीगढ, दिल्ली, हरियाणा, पूर्वी राजस्थान, उत्तर प्रदेश, छत्तिसगढ, झारखण्ड, गांगेय क्षेत्र पश्चिम बंगाल, पञ्जाब र विदर्भमा आगामी दुई दिन लू चलने चल्नेछ भन्ने अनुमान गरेको छ।

**आईपीएल**

आई.पी.एल. क्रिकेटमा मुम्बई इण्डियन्सले गुजरात टाइटन्सलाई ९९ रनले पराजित गरेको छ। अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा भएको खेलमा मुम्बईले पहिले ब्याटिङ गरेको निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १९९ रन बनाएको थियो। मुम्बईका लागि तिलक वर्माले ४५ बलमा १०० रनको शानदार शतक बनाए। जवाफी ब्याटिङमा उत्रिएको गुजरात टाइटन्सले १५ ओभर ५ बलमा १ सय रन मात्र बनाउन सक्यो। तिलक वर्मा प्लेयर अफ द म्याच घोषित भए।

***************